
# वजू त्यम्मुम र नुहाउने (ईस्लामिक) विधि (2)

## वजू को विधि


1 मनमा वजूको नियत गर्नुपर्छ, त्यसपछि बिस्मिल्लाह भनेर दुबै हातलाई नाडी सम्म धुनुपर्छ।




2 फेरि दायाँ हातले पानि लिनु र मुखमा हालेर हल्लाउनु आर्थात कुल्ला गर्नुपर्छ, फेरि ति पानीलाई मुखबाट बाहिर निकाल्नुपर्छ, र त्यसपछि नाकभित्र पानि हालेर बायाँ हातको चोर औंला र औंठाले नाक सफा गर्नुपर्छ।



3 फेरि अनुहार लम्बाईमा माथा र चुईडोमुनि दर्हि सम्म र चौडाईमा कान सम्म धुनुपर्छ।



4 त्यसपछि दुबै हातलाई औंलाहरु देखि कोइनोसम्म धुनुपर्छ, पहिला दायाँ फेरि बायाँ।




5 त्यसपछि टाउको मसह (स्पर्श) यसप्रकार गर्ने कि दुइटै हात टाउकोको आग्र भाग निधार बाट शुरू गरेर पछाडि मांसपेशी सम्म लैजाने फेरि त्यहाँ बाट पहिले को स्थान सम्म ल्याउने जहाँ बाट शुरू गरिएको थियो।



6 फेरि कानको मसह (स्पर्श) यस प्रकार गर्ने कि दुइटै चोर औंलाहरु दुईतिरको कान भित्र हालेर कानको पछाडि बुढी औंलाहरुले (औंठाहरूले) मसह (स्पर्श) गर्नुपर्छ।



7 त्यसपछि दुबै खुट्टा घुँडा सम्म पहिले दायाँ फेरि बायाँ धुनुपर्छ।



8 शर्यी निर्णयहरुमा बढोत्तरी गर्नुको नियम ?

- वजू गर्ने बेलामा शर्यी निर्णयहरुमा बढोत्तरी गर्न निषेध (हराम) गरिएको छ, जसरी कि तीन पटक भन्दा बढी धुनु व कोइनो भन्दा माथि पाखुरा धुनु व घुँडा भन्दा माथि तिघ्रा धुनु र गर्दनको मसह पनि निषेध गरिएको छ।



9 वजू गरिसकेपछि यो बिन्ती (दुआ) पढ्नुपर्छ :

"أَشْهَدُ أَنَّ لا إِلَهَ إِلا اللَّهُ وَحدَهُ لا شَرِيكَ لَهُ ، وَأَشْهَدُ أَنَّ مُحَمَّدًا عَبدُهُ وَرَسُولُهُ" ، "اللَّهُمَّ اجعَلنِي مِنَ التَّوَّابِينَ واجعَلنِي مِنَ المُتَطَهِّرِينَ".

10 - निम्नलिखित कारणहरुले वजू भंग हुन्छ :

1- अगाडि र पछाडि बाट कुनै वस्तु निस्कने जसरी कि दिशा पिसाब र हवा फुस्किने।
2- निद्रा र बेहोसीमा कुबुद्धिको कारण।
3- र ऊँटको मासु खाएको अवस्थामा।

## त्यम्मुम को विधि


1 त्यम्मुम : यदि कुनै कारणवश पानी भेटिएन व पानी प्रयोग गर्नाले कुनै हानी हुने पुरा डर छ भन्ने पवित्रताको को नियतले शुद्ध (पवित्र) माटो पानी को विकल्प हो।

2 यसको तरीका यो हो कि त्यम्मुमको नीयत (विचार) ले दुईटै हातहरूलाई माटोमा हान्नु र फेरि अनुहार र दुईटै हत्केलाहरूमाथि दल्नु।

4 3 2 1



3 माटोमा हात हान्ने समयमा औंलाहरूलाई फैलाउन वा हत्केलाको मसह गर्ने समयमा औंलाहरूको बिचमा मसह गर्न सिद्ध छैन।



## अनिवार्य नुहाउने (ईस्लामिक) विधि

1 मनमा नुहाउने नीयत ( विचार) ले कम स्वरमा बिस्मिल्लाह पढ्ने, फेरि कुल्ला गर्ने र नाकमा पानी हाल्ने, हल्का र बाक्लो कपालको जरासम्म पानी नपुगेसम्म शरीरमाथि पानी हाल्ने।

2 नुहाउन बाध्य बनाउने कार्यहरू।

1- जनाबत (सम्भोग): सम्भोगका कारण वीर्य निस्कने वा ननिस्कनेले,वा वासना वा एहतलामको कारणले 2- महिनावारी र प्रसूतिको रगत आएपछि 3- मृत्युपछि तर युद्धमा शहीद भएका व्यक्तिहरू बाहेक 4- काफिरले इस्लाम स्विकारेपे

प्रबन्धक : डा. हैसम सरहान , शिक्षक मसजिदे नब्वि र पर्यवेक्षक माहदुस्सुन्नह «mahadsunnah.com» ।

पबलिश र वितरण गर्ने अधिकार उपलब्ध छ। अनुवाद जुडिने sarhaan.com व बारकोड स्केन गर्ने।